# बसबरिया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

## आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

भवानीपुर, सर्लाही,

मधेश प्रदेश

बसबरिया गाउँपालिकाको यस गरिमामय गाउँ सभामा म आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, स्वाधीनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

उक्त आन्दोलनका क्रममा घाइते भएका तथा बेपत्ता पारिएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै उक्त आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान सहित स्मरण गर्दछु ।

**प्रस्तावना**

नेपालको संविधान, संघ र प्रदेशको आवधिक योजनाले परिलक्षित गरेको विषयहरु, दिगो विकासको लक्ष्य,सम्माननीय राष्ट्रपतिबाट सङ्घीय संसदमा प्रस्तुत सङ्घीय सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम, आ.व. २०८२/८३ को मधेश प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र,राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेतको आधारमा बसबरिया गाउँकार्यपालिकाले यो नीति तथा कार्यक्रम तर्जुमा गरेको छ ।

**"सुशासन, सामाजिक न्याय र समृद्धिः सुन्दर, सफा र समृद्ध गाउँपालिकाको अग्रगामी नीति"** निर्माण गर्ने हाम्रो संकल्पलाई साकार पार्न, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र सुशासनलाई प्राथमिकतामा राखी सार्वजनिक निजी र सहकारी क्षेत्रको साझेदारीमा दिगो र समावेशी विकासको लक्ष्य हासिल गर्न यो कार्यक्रम केन्द्रित रहनेछ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**आदरणीय सभासदस्य ज्यूहरु,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**राष्ट्र सेवक कर्मचारीहरु,**

सर्वप्रथम म आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

आ.व. २०८१/८२ को लागि यस सभाले कुल विनियोजित रु ४२ करोड ५० लाख २० हजार मध्ये चालु तर्फ रु २१ करोड रु ८० लाख २० हजार (सशर्त अनुदान समेत) र पूँजीगत तर्फ रु २० करोड ७० लाख रुपैया विनियोजन भएको थियो ।

उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा चालु तर्फ रु ९ करोड ७० लाख २४ हजार ७६४ र पूँजीगत तर्फ रु ४९ लाख ६६ हजार ७४४ रुपैया खर्च भएको छ ।

**भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी**

यस गाउँपालिकामा आ.व. २०८१/८२ मान ४००० मिटर ढलान र २००० मिटर ग्राभेल सडक निर्माण भएको छ ।

करिव ७५ वटा योजना तथा कार्यक्रम सम्झौता भई निर्माणाधिन अवस्थामा रहेका छन। साथै गाउँपालिकाका सबै वडामा सडकको सहज पहुँच सुनिश्चित भएको छ ।

गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।

वडा नं. १ देखि ६ सम्मको कृषि हुने क्षेत्रमा विद्युतीकरण (तार, पोल, सोलार बत्ति,मिटर तथा ट्रान्सफरमर) जडान सम्पन्न भएको छ ।

**सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी**

यस गाउँपालिकामा सहुलियतरुपमा एम्बुलेन्स सेवा सुचारु रहेको छ। दुईवटा वर्थिङ्ग सेन्टर,सहोड्वा तथा मानपुर वर्थिङ्ग सेन्टरमा ल्याव सेवा सञ्चालन भएको छ।

क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाईमर र हेडइन्जुरी, मृगौला प्रत्यारोपण उपचारको लागि अति गरीव विरामीलाई प्रति महिना रु ५००० का दरले आर्थिक सहयोग प्रदान गर्नको लागि समन्वय, सहजीकरण गरिएको छ ।

२ वर्ष मुनिका बालबालिकाहरुमा छुट भएको पूर्ण खोप लगाइएको छ ।

वसवरिया गाउँपालिका वडा न. २ मा नागरिक आरोग्य सेवा केन्द्र संचालनमा ल्याईएको छ। विद्यालय आयुर्वेद शिक्षा, योग शिविर,पुर्वकर्म सेवा/पंचकर्म सेवा, जेष्ठ नागरिक आरोग्य सेवाजस्ता आयुर्वेद सेवा संचालनमा ल्याएको छ ।

छात्रालाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन, पालिकाको १० वर्षे गाउँ शिक्षा योजना निर्माण,विद्यालयमा गुनासो सुनुवाई कार्यविधि,बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा

CamScanner

सञ्चालन। सम्बन्धी मापदण्ड कार्य पालिकाबाट स्वीकृत गरी विद्यालमा योजनावद्ध विकास र सुशासनको प्रारम्भ गरिएको छ।

विद्यालय बाहिर रहेका विद्यार्थीको तथ्याङ्क संकलन तथा विद्यालय भर्ना कार्यक्रम,विद्यार्थीको सिकाइ क्षति परिपुरण कार्यक्रम,शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन,न्यून शिक्षक भएका विद्यालयमा शिक्षक व्यवस्थापन,विद्यालय व्यवस्थापन समिति गठन गरी विद्यालय व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरियो।

अपाङ्गता भएको व्यक्तिको परिचय वितरण गर्न सहज सेवा क्याम्प संचालन हुदै आइरहेको छ । आगलागी, बाढी तथा दैवी प्रकोप, असक्त विरामीलाई राहत उद्धार प्रदान गरिएको छ । युवाहरुलाई खेलप्रति आकर्षण बढाउन बिभिन्न खेलकुद आयोजना तथा खेलमा सहभागी गराइएको छ ।

**सुशासन तथा संस्थागत विकास क्षेत्रमा भएका उपलब्धी**

SuTRA Revenue मार्फत कर संकलन गरिएको छ । राजश्व संकलनमा उल्लेखनीय सुधार भएको छ ।

EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

स्वास्थ्य संस्था, विद्यालय तथा वडा कार्यालयमा CCTV Camera जडान गरिएको छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु**

अब, म आगामी आर्थिक वर्ष २०८२।८३ का लागि प्रस्तावित विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

यस वर्षको नीति तथा कार्यक्रममा स्वास्थ्य तथा शिक्षालाई पहिलो प्राथमिकतामा राखी व्यावसायिक कृषि, भौतिक पूर्वाधार, पर्यटन तथा संस्कृति र रोजगारमूलक क्रियाकलापलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

यीनै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुने गरी अब म अगामी आर्थिक वर्ष २०८२।०८३ को लागि हामीले प्रस्ताव गरेको खर्च व्यहोर्ने स्रोतहरुको बारेमा संक्षिप्त प्रकाश पार्न चाहन्छु ।

**संघीय सरकारको तर्फबाट**

समानीकरण अनुदान - ८ करोड ६३ लाख

सशर्त अनुदान - ११ करोड ९६ लाख

विशेष अनुदान - ६९ लाख

समपुरक अनुदान - ५२ लाख

राजश्व बाँडफाँड - ८ करोड १ लाख ७७ हजार ६ सय ७९

<u>प्रदेश सरकारको तर्फबाट</u>

समानीकरण अनुदान - ५८ लाख ६९ हजार

सशर्त अनुदान - १ करोड

विशेष अनुदान -३० लाख

समपुरक अनुदान - २० लाख

राजश्व बाँडफाँड -३९ लाख ५९ हजार ४ सय ८०

<u>आन्तरिक श्रोत तर्फबाट</u> -१० लाख

गत वर्षको नगद मौज्दात - १ करोड २० लाख अनुमानित

जम्माः ३३ करोड ६० लाख ६ हजार १ सय ५९

आदरणीय सभा सदस्य ज्यूहरु,

## विषयगत नीति तथा कार्यक्रमहरू

### सामाजिक विकास

#### शिक्षाः

१. कक्षा १ देखि ८ सम्मको बसबरिया गाँउपालिकाको पहिचान सहितको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

२. विद्यालय नक्साङ्कन, शिक्षकको दरबन्दि मिलानका साथै गाउँपालिका अनुदान शिक्षकको व्यवस्थापन गरी शिक्षकको अभाव परिपूर्ती गरिनेछ।

३. विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ.। साथै उत्कृष्ट विद्यार्थी,शिक्षक र विद्यालयलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

४. विद्यालयमा विज्ञान प्रयोगशाला, आई.सि.टि. ल्याव,ई-पुस्तकालयको व्यवस्थापन गरिनेछ।

५. "प्रविधि तथा सीपयुक्त शिक्षा, बसबरिया गाउँपालिकाको इच्छा" भन्ने नारालाई आत्मसाथ गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षालाई जोड दिइनेछ।

CamScanner

६. वसबरिया गाउँपालिकालाई "साक्षर गाउँपालिका" घोषणा गरिनेछ।

७. विद्यालयमा भवन,फर्निचर,सौचालय,घेरावारा,खानेपानी आदिको लागि बजेटको प्रबन्ध गरिनेछ।

८. सरकारी र गैह्रसरकारी संस्थाहरुसँग शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

९. वि.व्य.स.का पदाधिकारी,अभिभावक र शिक्षकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०. प्र.अ.सँग पालिकाले र शिक्षकसँग प्र.अ.ले कार्यसम्पादन सम्झौता गर्ने कार्य थालनी गरी विद्यार्थीको सिकाई उपलब्धीलाई शिक्षकको कार्यसम्पदन मूल्याङ्कनसँग आवद्ध गरिनेछ।

११. कुरीति या कुविश्वास जोगाइ राख्ने स्थानीय मूल्य प्रणालीको परम्परा र त्यसको पुनरुत्पादन प्रक्रिया न्यूनीकरणको लगि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२. वहुप्रतिभावान अति गरिव तथा विपन्न,दलित,जनजातीको लागि उच्च अध्ययनको लागि छात्रवृत्तिको व्यवस्थापन गरिनेछ।

स्वास्थ्य

१३. गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्ने पहललाई निरन्तरता दिँदै यसलाई प्रदेश सरकारको अस्पताल स्तरोन्नति कार्यक्रमसँग आवद्ध गर्न माग गरिनेछ।

१४. प्रदेश सरकारको "एक ज़िल्ला एक पानी परीक्षण प्रयोगशाला" स्थापना गर्ने नीतिअनुसार गाउँपालिकाका नागरिकलाई शुद्ध खानेपानी सुनिश्चित गर्न समन्वय गरिनेछ।

१५. सबै वडामा रहेका बर्थिङ सेन्टरहरूको स्तरोन्नति गरी प्रयोगशालासहितको सेवा विस्तार गरिनेछ।

१६. आर्थिक रूपमा विपन्न नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

आयुर्वेद औषधालय

१७. पूर्वकर्म/पंचकर्म सेवालाई विस्तार गिरिनेछ ।

१८. नागरिक आरोग्य अभियान **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी "** नाराको साथ सवै वडासम्म संचालन गरिनेछ

१९. स्वस्थ जीवनशैली भान्सा सुधार, नसर्ने रोग रोकथाम कार्यक्रम संचालन गरिनेछ ।

२०. विधालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सवै मा.वि.हरुमा संचालन गरिनेछ ।

२१. आयुर्वेद सेवा पहुँचमा नरहेका वडामा आयुर्वेदको गाउँघर क्लिनिक संचालन गरिनेछ ।

२२. गा.पा.अध्यक्षको कोसेली कार्यक्रम अन्तर्गत आयुर्वेद विशेषज्ञद्वारा निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२३. जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

२४. स्तनपायी आमालाई दुग्धवर्द्धक औषधी निःशुल्क वितरण गरिनेछ ।

२५. स्थानीय जडीबुटीको महत्तम प्रयोगको बारेमा आम जनमानसमा सचेतना फैलाईनेछ ।

२६. नागरिक आरोग्य सेवाकेन्द्रको सेवा विस्तार तथा स्तरोन्नती गरिनेछ ।

युवा तथा खेलकुद

२७. वैदेशिक रोजगारबाट फर्केका युवाहरूको सीप र पुँजीलाई उद्यम विकासमा उपयोग गर्न प्रोत्साहन गरिनेछ।

२८. संघ र प्रदेशमा आयोजना हुने खेलकुदलाई ध्यानमा राखी गाउँपालिकामा प्रतिभावान खेलाडी उत्पादन गर्न विद्यालय तथा पालिकास्तरीय खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ।

२९. लागु औषध दुर्व्यसन बिरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

३०. "उपाध्यक्षसँग महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

३१. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसाविरुद्ध शून्य सहनशीलता अपनाइनेछ।

३२. प्रदेश सरकारको सहयोगमा हरवा चरवा, भूमिहीन तथा सामाजिक रूपमा पछाडि परेका साना किसानहरूको आयआर्जन र जीविकोपार्जनमा टेवा पुर्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

आर्थिक विकास

कृषि तथा पशुपंक्षी

३३. प्रदेश सरकारको "किसानको बारी, स्वयंसेविकाको सहारी" कार्यक्रम अन्तर्गत गाउँपालिकामा महिला कृषि स्वयंसेविका परिचालन गर्न समन्वय गरिनेछ।

३४. प्रदेश सरकारको कृषि विद्युतीकरण कार्यक्रमबाट लाभ लिन कृषकहरूलाई संगठित गरी माग पेश गरिनेछ।

CS CamScanner

३५. "माटोको स्वास्थ्य सुधार" गर्ने प्रदेश सरकारको अभियानमा सहभागी भई स्थानीय किसानलाई माटो परीक्षण र जैविक मल प्रयोगमा प्रोत्साहन गरिनेछ।

३६. सिँचाइ सुविधा नपुगेका कृषि योग्य जमिनमा सतह सिँचाइ र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणाली विस्तार गरिनेछ।

३७. कृषकहरूलाई समयमा नै गुणस्तरीय बीउबिजन र मलखाद उपलब्ध गराउन सहकारी संस्थाहरूलाई व्यवस्थित गरिनेछ।

३८. बसबरिया गाउँपालिका अन्तरगत पशु व्यवसायमा तथा पशुपालन गरिरहेका किसानहरुको पशुहरुलाई आकस्मिक महामारी रोग नियन्त्रण ,आधारभूत प्रयोगशाला र कृत्रिम गर्भाधान मिसनको आवश्यक कार्यक्रम गराइनेछ ।

३९. बसबरिया गाउँपालिका अन्तर्गत पशु व्यवसायमा निर्भर रहेका किसानहरुको आवश्यकता अनुसार आकस्मिक रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

४०. पशु पन्छी रोग बिरुद्ध खोप कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ । साथै पशुपन्छी बिकाश शाखामा प्रयोगशाला बनाउन आवश्यक पहल गरिनेछ ।

४१. पशु सेवा शाखाबाट नियमित रुपमा संचालन हुदै आएको पशु स्वास्थ्य उपचार सेवाकार्यक्रमलाई व्यवस्थित र प्रबिधि मैत्री बनाई सेवाप्रवाह गरिने छ ।

४२. गाउँपालिका क्षेत्रभित्रको कृषि र पशुपन्छी तथ्यांक संकलन गरि किसान सूचीकरण कार्यक्रमलाई अघि बढाइने छ ।

४३. प्रत्येक वार्डमा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

**उद्योग, पर्यटन तथा सहकारी**

४४. गाउँपालिकाभित्रका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटनलाई आकर्षित गरिनेछ।

४५. सहकारी संस्थाहरूको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताको हित संरक्षणका लागि अनुगमनलाई थप प्रभावकारी बनाइनेछ।

४६. गाउँपालिकाभित्र पाइने परम्परागत सीप, घरेलु उद्योग तथा महिला समूहद्वारा सञ्चालित हस्तकला, सिलाई-कढाई, परिकार तयारी, अचार तथा घरेलु प्रशोधन उद्योग जस्ता लघु उद्यमहरूलाई प्रवर्द्धन गरिनेछ। यसका लागि सीप अभिवृद्धि तालिम, उपकरण तथा बीउ पूँजी उपलब्ध गराइनेछ। महिलाहरू, यवाहरू, दलित तथा विपन्न वर्गका लागि [illegible]

४७. गाउँपालिकाभित्र सञ्चालनमा रहेका लघु तथा घरेलु उद्योग/उद्यमहरूको उत्पादनलाई स्तरीय, आकर्षक र प्रतिस्पर्धी बनाउन प्याकेजिङ,प्रो सेसिङ, लेबलिङ, ब्रान्डिङ गरी मूल्य श्रृङ्खलाको विकासमा सहजीकरण गरिनेछ। लघु उद्यम उत्पादनलाई डिजिटल प्लेटफर्म, मेलापात, प्रदर्शनी तथा सहकारीको माध्यमबाट बजार पहुँच उपलब्ध गराइनेछ।

## पूर्वाधार विकास

४८. विगतदेखि निर्माणाधीन तथा अधुरा रहेका योजनाहरूलाई सम्पन्न गर्न प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ।

४९. राष्ट्रिय भवन संहिताको पूर्ण परिपालना गराई सुरक्षित र व्यवस्थित बस्ती विकासमा जोड दिइनेछ।

५०. "एक घर-एक विरुवा" तथा "एक वडा-एक पार्क" को नीतिलाई निरन्तरता दिइनेछ।

५१. गाउँपालिकाको केन्द्र तथा मुख्य बजार क्षेत्रमा सडक बत्ती जडान तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।

५२. योजना बैङ्कको अवधारणालाई आत्मसाथ गरी योजना छनौट गरी कार्यान्वयन गर्ने पद्धतिको विकास गरिनेछ।

५३. सडक गुरुयोजना निर्माण गरी सडकको प्रथामिकीकरणको आधारमा योजना सम्पन्न हुने गरी कार्य अगाडि बढाईने गरिनेछ।

५४. सङ्घ र प्रदेशको सहकार्यमा यस पालिकालाई राष्ट्रिय र प्रादेशिक सडक सञ्जालसँग जोडी अन्तर आवद्धता कायम गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

५५. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को मापदण्ड विपरीतको दोहनलाई नियन्त्रण गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

५६. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई विपद् प्रतिकार्य योजनालाई अद्यावधिक गरिनेछ।

## सुशासन तथा संस्थागत विकास

५७. सेवा प्रवाहलाई स्वच्छ,निष्पक्ष,पारदर्शी र जनउत्तदायी बनाउन डिजिटल प्रविधिको अधिकतम प्रयोग गरिनेछ। गाउँपालिकाको प्रोफाइललाई डिजिटल गरी नागरिक गुनासो व्यवस्थापनका लागि अनलाइन प्रणाली लागू गरिनेछ।

CamScanner

५८. गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी र अध्ययन भ्रमणको व्यवस्था गरिनेछ।

५९. सबै प्रकारका कर तथा राजस्व संकलनका लागि डिजिटल प्रणाली लागू गरी पूर्णरूपमा अनलाइन कारोबारमा जोड दिइनेछ।

६०. गाउँपालिकाभित्र कार्यरत करार, ज्यालादारी तथा अस्थायी श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन नेपाल सरकारद्वारा सञ्चालनमा ल्याइएको सामाजिक सुरक्षा कोष (SSF) मा आबद्ध गराउने प्रक्रिया थप सुदृढ गरिने छ। यसबाट श्रमिकको भविष्य सुरक्षा सुनिश्चित हुनुका साथै कार्यक्षमतामा पनि सकारात्मक सुधार आउने अपेक्षा गरिएको छ।

६१. त्यसैगरी, निजी क्षेत्र, सहकारी तथा लघु उद्यमहरूलाई पनि SSF मा आबद्ध गराउने वातावरण निर्माण गर्न जनचेतना अभिवृद्धि, समन्वय र प्रवर्द्धनात्मक कार्यक्रमहरू थप सुदृढ गरिने छ।

६२. बसबरिया गाँउपालिका भित्र रहेका सम्पूर्ण ऐलानी,गौचर,असमसान,आवश्यक परे जुनसुकै वेला खाली गराउन सक्नेछ।

६३. बसबरिया गाउँपालिकामा ढलान भएका सडक,मूख्य सडक,शाखा सडक,सहायक सडकमा गाई, भैसी, बाख्रा, हाँस, परेवा, टायर, गोरु, सवारी साधन राख्न नपाउने यदि राखेको खण्डमा पालिकाले तोके बमोजिम दण्ड जरिवाना सरकारी बिगो सरह असुल उपर गरिनेछ।

६४. पालिका भित्रका सरकारी ,सार्वजनिक, पाटि, पौवा, मठ, मन्दिर, कुलो, सडक, वनजंगल, गौचर, ऐलानी, पर्ती जग्गाहरुको पालिकाद्वारा संरक्षण,सम्वर्धन गरिनेछ।

न्यायिक समिति

६५. न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई निष्पक्ष, पारदर्शी, पहुँचयोग्य बनाई विवाद, द्वन्दको प्रभावकारी निरुपण गरिनेछ ।

६६. न्यायिक समितिको कार्य सम्पादनलाई छिटो,छरितो बनाउन आवश्यक व्यवस्था गरिनेछ।

६७. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरी विवाद निरुपणलाई सहज बनाइनेछ।

स्थानीय तह सूचना प्रविधि

६८. आम नागरिकलाई डिजिटल साक्षरता अन्तर्गत स्थानीय नागरिक, कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवाप्रवाहसँग सम्बन्धित पक्षहरूलाई लक्षित गरी Digital Literacy (डिजिटल साक्षरता) सम्बन्धी कार्यक्रम लागू गरिनेछ।

६९. पालिका तथा वडा कार्यालयबाट दिइने सेवालाई एकीकृत गरी नागरिकलाई एकीकृत सेवा प्रवाह केन्द्र स्थापना गरी एउटै स्थानबाट सेवा प्रवाह गरिनेछ, जसका लागि आवश्यक भौतिक पूर्वाधार, सफ्टवेयर तथा सूचना प्रविधिसम्बन्धी सामग्री खरिद गरिनेछ।

७०. एकीकृत सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

CamScanner

७१. पालिकाको सार्वजनिक क्षेत्रहरूमा सेवा प्रवाह गर्न सुरक्षित तथा निःशुल्क इन्टरनेट (Free Wi-Fi) पहुँचका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

७२. पालिकाबाट प्रदान गरिने सेवाहरू तथा सूचनाहरू अनलाइनमार्फत प्रशारण गरिनेछ र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणालीबाट अझ प्रभावकारी बनाइनेछ।

७३. अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयहरूलाई विद्युतीय माध्यमद्वारा बढीभन्दा बढी अनलाइनमा आधारित बनाइनेछ।

७४. पालिकाको वेबसाइट तथा मोबाइल एपमा कृत्रिम बुद्धिमत्ता (AI) आधारित च्याटबोट सेवा विकास गरी नागरिकका सामान्य जिज्ञासाहरूको डिजिटल उत्तर प्रणाली लागू गरिनेछ।

७५. स्थानिय तह अन्तर्गत रहेको जग्गा, भवन, सडक, तथा सार्वजनिक संरचनाको अभिलेख डिजिटल प्रणालीमा रूपान्तरण गरि अनलाइन पहुँच योग्य बनाइनेछ।

७६. सार्वजनिक सेवा प्रभावकारिता मूल्याङ्कन प्रणाली (Service Performance Evaluation System) विकास गरिनेछ, जसबाट नागरिकले सेवा अनुभव मूल्याङ्कन गर्न सक्नेछन्।

७७. ई-गभर्नेन्स प्रवर्द्धन गर्न पालिकाको सम्पूर्ण नीति, निर्णय, बजेट र योजना कार्यान्वयन स्थिति सार्वजनिक पोर्टलबाट अद्यावधिक गरिनेछ ।

७८. पालिकास्तरमा हुने सार्वजनिक सुनुवाई, बजेट सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रत्यक्ष प्रशारण (Live Streaming) गरिनेछ जसले जनसहभागिता र पारदर्शिता बढाउनेछ।

**सभाध्यक्ष महोदय,**

सीमित स्रोत र साधनका बाबजुद संघीय, प्रदेश सरकारसँगको समन्वय र सहकार्य तथा अधिकतम जनसहभागितामार्फत यस नीति तथा कार्यक्रममा उल्लिखित लक्ष्यहरू हासिल गर्न सकिने विश्वास लिएको छु। यस महान कार्यमा सम्पूर्ण सभा सदस्यज्यूहरू, कर्मचारीहरू र गाउँपालिकावासीहरूको पूर्ण सहयोगको अपेक्षा गर्दछु।

**धन्यवाद।**

CamScanner